# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पाँचखपन नगरपालिका

### संखुवासभा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पाँचखपन नगरपालिका

### संखुवासभा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## पाँचखपन नगरपालिका

संखुवासभा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १६३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
पाँचखपन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

**कैफियतसहितको राय**

हामीले पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ३० लाख ९३ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ६ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९३ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु ८६ लाख १६ हजार र पेश्की रू. १ करोड ४५ लाख ६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २३ करोड १८ लाख १९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु २६ करोड ४९ लाख १२ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

पाँचखपन नगरपालिका, संखुवासभा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५६ | २९ | ३३०९३ | ० | ० | ० | ५६ | २९ | ३३०९३ | ६१८ | ८६१६ | ९३५३ | ० | ० | १७९६९ | १४५०६ |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| संखुवासभा | पाँचखपन नगरपालिका | २३१८१९ | ० | ० | २३१८१९ | ० | ३३०९३ | २६४९१२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पाँचखपन नगरपालिका, संखुवासभा , पाँचखपन नगरपलिका , संखुवासभा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मणिराम खतिवडा | २०७८-१०-५ | २०७९-४-३१ |
| कार्यालय प्रमुख | मान बहादुर बराल | २०७८-४-१ | २०७८-१०-४ |
| कार्यालय प्रमुख | गणेशमान सिं राई | २०७९-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | स्मरणराज गिरी | २०७८-९-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३३,०९२,५८१.९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | | ६,२२,३४,९१७.८७ |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | ३३,१३,७६,३१८.४४ | चालु खर्च | २९,५८,१६,११३.८ |
| प्रदेश सरकारबाट अनुदान | १,३३,३३,७०५ | पूँजीगत खर्च | १५,४९,५३,८३८ |
| राजश्व बाँडफाँट | ६,७४,०७,४०४ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ४४,५७,२८७ | | |
| अन्य आय | १,२०,९२,८४७ | | |
| कुल आय | ४२,८६,६७,५६१.४४ | कुल खर्च | ४५,०७,६९,९५१.८ |
| | **बाँकी मौज्दात** | | ४,०१,३२,५२७.५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल १४८.०३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या १७ हजार ५ सय २१ जना रहेको छ । | |
| २ | | | **वित्तीय प्रतिवेदन** | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६०५५५७१५ | ४२८६६७५६१ | | ४२८६६७५६१ | ४३८६०२७६४ | | ४३८६०२७६४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४४९४१६२५० | ४१६५७४७१४ | ० | ४१६५७४७१४ | ४२५६६०२४७ | ० | ४२५६६०२४७ |
| ११००० कर | ११ | ७४१४२२५० | ६८७१६०२५ | ० | ६८७१६०२५ | ५९२७८०८९ | ० | ५९२७८०८९ |
| १३००० अनुदान | | ३७१५७४००० | ३४४७१००२३ | ० | ३४४७१००२३ | ३६४८६२८१० | ० | ३६४८६२८१० |
| संघीय सरकार | १२ | ३४६८०७००० | ३३१३७६३१८ | ० | ३३१३७६३१८ | ३४५४७९८१० | ० | ३४५४७९८१० |
| प्रदेश सरकार | १२ | २४७६७००० | १३३३३७०५ | ० | १३३३३७०५ | १९३८३००० | ० | १९३८३००० |
| १४००० अन्य राजस्व | | ३६५०००० | ३१४८६६६ | ० | ३१४८६६६ | १३९४८०० | ० | १३९४८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५००० विविध प्राप्ति | | ५०००० | ० | ० | ० | १२४५४८ | ० | १२४५४८ | |
| | | | ख. अन्य प्राप्ति | | १११३९४६५ | १२०९२८४७ | | १२०९२८४७ | १२९४२५१७ | | १२९४२५१७ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | १११३९४६५ | ९६४४०९२ | ० | ९६४४०९२ | ९५०४००६ | ० | ९५०४००६ | |
| | | | धरौटी | | ० | २४४८७५५ | ० | २४४८७५५ | ३४३८५११ | ० | ३४३८५११ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८०८३०३८४ | ८०१९४३६० | ० | ८०१९४३६० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५२५६८०४१७ | ४५०७६९९५१ | | ४५०७६९९५१ | ४०५८०८४१८ | | ४०५८०८४१८ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५१४५४०९५२ | ४३९०७९१६७ | | ४३९०७९१६७ | ३९६५२७१२२ | | ३९६५२७१२२ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १२५०५९००० | १२०५४७२०८ | ० | १२०५४७२०८ | १२४२३३९८४ | ० | १२४२३३९८४ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४४७७४२५० | ११६६२२६८२ | ० | ११६६२२६८२ | ८६४९३६६३ | ० | ८६४९३६६३ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ११०४१००० | ११०१३६६६ | ० | ११०१३६६६ | १११२१५२६ | ० | १११२१५२६ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ९१७०००० | ४२९८०२१ | ० | ४२९८०२१ | ४८९२९१४ | ० | ४८९२९१४ | |
| | | | २८००० अन्य खर्च | १८ | ३१६९४६४८ | ३१६४३७५२ | ० | ३१६४३७५२ | १७००६७४ | ० | १७००६७४ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९२८०२०५४ | १५४९५३८३८ | ० | १५४९५३८३८ | १६८०८४३६१ | ० | १६८०८४३६१ | |
| | | | घ. अन्य भूक्तानी | | ९१९६९८४९ | ९१८८५१४४ | ० | ९१८८५१४४ | ४०५८०८४१८ | | ४०५८०८४१८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कोषहरु</td><td></td><td>१११३९४६५</td><td>७८३८५००</td><td>०</td><td>७८३८५००</td><td>८८२१४२४</td><td>०</td><td>८८२१४२४</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>३८५२२८४</td><td>०</td><td>३८५२२८४</td><td>४५९८७२</td><td>०</td><td>४५९८७२</td></tr>
<tr><td>संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>८०८३०३८४</td><td>८०१९४३६०</td><td>०</td><td>८०१९४३६०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>-६५१२४७०२</td><td>-२२१०२३९०</td><td></td><td>-२२१०२३९०</td><td>३२७९४३४६</td><td></td><td>३२७९४३४६</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>६२२३४९१८</td><td></td><td>६२२३४९१८</td><td>१२५२६९५७</td><td></td><td>१२५२६९५७</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>-६५१२४७०२</td><td>४०१३२५२८</td><td></td><td>४०१३२५२८</td><td>४५३२१३०३</td><td></td><td>४५३२१३०३</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td></td><td>४०१३२५२८</td><td></td><td>४०१३२५२८</td><td>५६८४४८५९</td><td></td><td>५६८४४८५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा शिक्षकको बढी तलव निकासा रु. १५९९६०/-र बढी अनुगमन भत्ता भुक्तानी रु ७२००/-गरी जम्मा रु १६७१६०/-असुलउपर भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरणको विष्लेशण</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>सुत्रको प्रयोगः नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अक्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्ट नहुदा सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्सि तथा भुक्तानी समेटेको देखिएन।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>पालिकाको गत बर्षको अन्तिम जिम्मेवारी रु ४५३२१३०२।७७ यस आर्थिक बर्षमा रु ६२२३४९१७।८७ जिम्मेवारी सारेको देखियो। आर्थिक वर्ष २०७७।७८ को अन्तिम मौज्दातको तुलनामा यस आर्थिक वर्षमा रु १६९१३६१५।१० वढी जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी यकिन गर्नुपर्छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.३</td><td></td><td></td><td>निम्न अनुसारको कोष खाताहरुको श्रेस्ता अनुसार मौज्दात र बैक खाता अनुसार मौज्दात रु २७४९६ देखिएकोमा उक्त फरक रकमको बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी हिसाव मिलान विवरण तयार गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु</th><th>बैंक अनुसार बाकी रु</th><th>फरक</th></tr>
<tr><td>ग २.७ विविध खर्च खाता</td><td>१३९५०६९.६८</td><td>१३९५०६९.६८</td><td>०</td></tr>
<tr><td>ग ३.१ स्थानीय तह धरौटी खाता</td><td>३७३७९८७</td><td>३७१०४९१</td><td>२७४९६</td></tr>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>३४३५६३५५.८८</td><td>३४३५६३५५.८८</td><td>०</td></tr>
<tr><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>४१०५२२</td><td>४१०५२२</td><td>०</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>पुँजिगत खर्च खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>
संचित कोष खाता र खर्च खाता विच रु २३२५९३ रकम कारोवारमा भिन्नता देखाएकोमा हिसाव मिलान गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट पेश र पारित: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु. ४७ करोड ६४ लाख ५३ हजार को वजेट असार २८ गते मा पेश भई असार २९ सभावाट पारित गरेको छ। तर नगर प्रमुखले प्रमुख प्रशाककीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति२०७८।४।६ मा मात्र प्रदान गरेको देखियो।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>स्रोत अनुमान तथा बजेट निर्धारण समितिः स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट तर्जुमा तथा कार्यान्वयन समितिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । उपप्रमुखको संयोजकत्वमा समिति गठन भएको छ । समितिको मिति २०७९।३।२५ गते बैठक बसेको भएता पनि कानूनले तोके बमोजिम कार्य भएको देखिएन । कानूनको पालना गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>योजना तथा कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु. १ लाख भन्दा कमको योजना</td><td>२२१</td><td>१४८२८४३०</td></tr>
<tr><td>२</td><td>रु. १ लाख १ देखि ५ लाख सम्मका योजना</td><td>१४२</td><td>३६६१९०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>रु. ५ लाख देखि १० लाख सम्मका योजना</td><td>४८</td><td>३२४५६०००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२३</td><td>४९३४८०००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>५</td><td>५६८४७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३९</td><td>१९००९८४३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>तोकिएको भन्दा फरक योजनामा खर्चः समपुरक तथा विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को दफा ८(१) वमोजिम स्थानिय तहले विशेष अनुदान वापत प्राप्त रकम जुन आयोजना तथा कार्यक्रमको लागि रकम प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले संघिय सरकारवाट हस्तान्तरीत कार्यक्रम विषेश अनुदान वापत वाना विहिवारे बृहत खानेपानी योजना संचालनकोलागि प्राप्त रकम सोही प्रयोजनमामात्र खर्च गरी वाँकी रकम फिर्ता गर्नुपर्नेमा नगरकार्यपालिकाको मिति २०७८ पौष ९ गतेको निर्णयवाट उक्त योजनामा वचत रकम तोकिएको योजना भन्दा फरक योजनामा खर्च गर्ने निर्णय गरी खर्च गरेकोले नियमसंम्मत नदेखिएको रु
<table>
<tr><th>वजेट विनियोजन भएको शिर्षक</th><th>रकम</th><th>खर्च गरेको</th><th>रकम</th></tr>
<tr><td>वाना विहिवारे बृहत खानेपानी योजना</td><td>१४१०००००</td><td>पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माणकोलागि डिपिआर</td><td>१४९६१२०</td></tr>
<tr><td></td><td></td><td>पाँचखपन नगरपालिकाको भवनको ट्रस मर्मत सम्भार र रंग रोकन</td><td>४८६८९९</td></tr>
<tr><td></td><td></td><td>सम्पूर्ण वाडामा ईन्टरनेट जडान</td><td>४२५११७.</td></tr>
<tr><td></td><td></td><td>निर्माण सामाग्रि (total station) खरिद</td><td>४९५९५७.</td></tr>
</table>
</td><td>४,५११,३२२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>हेवाखोला वाह्रविशे सडक स्तरोन्नति</td><td>१६०७२२९</td></tr>
<tr><td>जम्मा</td><td>१४१०००००</td><td></td><td>४५११३२२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>क्षेत्रगत बजेटः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>विनियोजनमा खर्च (%)</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२३७४३०७०</td><td>१९७०४५४८</td><td>८२.९</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२४४६७००००</td><td>२१८८६०९९५</td><td>८९.४५</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१३३३५६०५४</td><td>१०३४०१७६४</td><td>७७.५४</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५३८५०००</td><td>३५९१४२८</td><td>६६.६९</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१०७३८६८२८</td><td>९३५२०४३२</td><td>८७.०९</td></tr>
<tr><td>जम्मा</td><td>५१४५४०९५२</td><td>४३९०७९१६७</td><td>८५.३३</td></tr>
</table>
कुल विनियोजित वजेटको ८५.३३ प्रतिशत खर्च भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कानून निर्माण तथा कार्यान्वयन</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>कानुन निर्माणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाबाट हालसम्म ऐन १५ वटा, नियमावली १२ वटा तथा कार्याविधि १ वटा गरी जम्मा २८ वटा कानुन निर्माण भइ स्वीकृति भएको विवरण प्राप्त भएकोमा राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.२</td><td></td><td></td><td>न्यायिक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १५ प्रकारका २३ उजुरी तथा विवाद दर्ता भएकोमा २३ वटै फछ्र्यौट भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदाकामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br>
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पुँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च (रु हजारमा)</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">असार महिनाको खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td></tr>
<tr><td>१</td><td>कूल खर्च</td><td>१५४३५३</td><td>१९७२३</td><td>४२६०६</td><td>९२६२४</td><td>८०८०४</td></tr>
<tr><td>२</td><td>खर्च प्रतिशत</td><td>१००</td><td>१२.४</td><td>२७.६</td><td>६०</td><td>५२.३५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रगति प्रतिविदेनः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संचालन गरेको विभिन्न कार्यक्रम तथा कृयाकलापहरुमा भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसार तयार गरेको देखिएन । जसले गर्दा सम्पादित कामको परिमाण र अवस्था स्पप्ट हुन सक्ने अवस्था नरहेकोले निर्धारित ढाँचामा अद्यावधिक तथा वार्षिक प्रगति प्रतिवेदनहरु तयार गरी सो को विश्लेषण समिक्षा तथा अनुगमन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन। | |
| १४.२ | | | पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन। | |
| १४.३ | | | कार्यालय प्रमुखले यस नियावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदन पेश भएन । | |
| १४.४ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ९५ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी माल सामानको मुल्य र विवरण समेत खुलाएर आम्दानी बाँधी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले भौचर नं ११-२०७८।६।१९ मा अफिस टेवल २ थान कुर्सि २ थान स्टिल दराज १थान लगायत फर्निचर तथा फिक्चर रु १६५५६२ रकम वरावरको सामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको नदेखिएको रु | १६५,५६२ |
| १४.५ | | | कुनै सार्वजनिक पदमा वहाल पदाधिकारी तथा कर्मचारीले पदमा वहाल रहेको अवस्थामा प्राप्त गरेको जिन्सी सामाग्री उक्त पदको कार्य अवधि समाप्त भई पद मुक्त भएको अवस्थमा पदमा वहाल रहँदा लिएका कार्यालयका जिन्सी सामाग्री फिर्ता गर्नु पर्दछ। तर निम्न अनुसारका पदाधिकारीहरुले सार्वजनिक पदमा रहेको अवस्थामा लिएका जिन्सी समान उक्त पदको कार्यअवधी समाप्त | ५३५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भई सक्दा समेत लिएका समाग्री फिर्ता गरेको नदेखिएकोले उक्त समाग्री फिर्ता गर्नुपर्ने अन्यथा सामानको मुल्य वरावरको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>क.स</th><th>नाम</th><th>पद</th><th>समानको विवरण</th><th>परिमाण</th><th>मुल्य रु</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री भिमादेवि राई</td><td>उप प्रमुख</td><td>camera</td><td>१</td><td>२५०००</td><td></td></tr>
<tr><td>५</td><td>छत्र वहादुर न्यौपाने</td><td>वडाध्यक्ष-८</td><td>1.मोटरसाइकल szrr 150 cc</td><td>१</td><td>२१००००</td><td>मोटरसाइकल वडा कार्यालयमा भएको तर स्टोरमा दाखिला नभएको</td></tr>
<tr><td></td><td>छत्र वहादुर न्यौपाने</td><td>वडाध्यक्ष-८</td><td>ल्यापटप</td><td>१</td><td>७५०००</td><td></td></tr>
<tr><td>६</td><td>नन्द कुमारी श्रेष्ठ</td><td>कार्यपालिका सदस्य</td><td>Dell laptop core i5,15 inch display</td><td>1</td><td>७५०००</td><td></td></tr>
<tr><td>८</td><td>पेमाछिरि शेर्पा</td><td>कार्यपालिका सदस्य</td><td>Dell laptop core i5,15 inch display</td><td>1</td><td>७५०००</td><td></td></tr>
<tr><td>१०</td><td>मञ्जु श्रेष्ठ</td><td>कार्यपालिका सदस्य</td><td>Dell laptop core i5,15 inch display</td><td>1</td><td>७५०००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>५३५०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.६</td><td></td><td></td><td>यस पालिकामा १ थान व्याकुलोडर रहेकोमा सो संचालन गर्न आवश्यक कार्य विधि तय गरेरमात्र संचालनमा ल्यईनु पर्दछ। पालिमाले कार्यविधि तयार नगरी व्याकुलोडर संचालनमा ल्याएको देखियो । सो संचालन गर्दा प्राप्त आम्दानी तथा खर्चको अभिलेख छुट्टै खातामा व्यवस्थित तरिकाले गरेको देखिएन । जसले गर्दा त्यसको आम्दानी खर्च विश्लेषण गर्न सकिएन। संचालन कार्यविधि वनाई आम्दानी र खर्चको छुट्टै अभिलेख राखि व्यवस्थित रुपमा संचालनमा ल्याईनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था गरेकोमा निम्न अनुसार देखियो। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन।<br>यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>वजेट व्यवस्थापनतर्फ<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन।<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन।<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको देखिएन।<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,<br>भ्रमण खर्च व्यवस्थापनतर्फ<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको देखिएन।<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन।<br>खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई वैसाख भन्दा पछि सम्पन्न योजना मात्र हस्तान्तरण गरेको देखियो<br>• स्थनीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना। कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो।<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन।<br>शिक्षातर्फ<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेकोदेखिएन।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरणशुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>विविध तर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन ।<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायकाम. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन। | |
| १५.२ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **सूचना प्रविधी पद्दतिः** सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| १५.४ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे ता पनि अद्यावधिक राखेको देखिएन। | |
| १५.५ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| १६ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पस्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ। पालिकाले यस कार्यक्रम तर्फ ११५ परिवारलाई प्रथम किस्ता वापत तिस हजारका दरले रु ३४ लाख ५० हजार र अन्तिम किस्ता वापत ९५ घरधुरीलाई रु १९ लाख गरी जम्मा रु ५३ लाख ५० हजार रकम भुक्तानी गरेको २० घरधुरीलाई तिस हजारका दरले रकम उपलव्ध गराएकोमा निर्माण कार्य सम्पन्न गरेको देखिएन। निर्माण कार्य सम्पन्न गरी अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।<br>साथै सुरक्षित नागरिक आवास कार्यक्रम कार्यन्वयन गर्नेक्रममा संखुवासभा जिल्ला क्षेत्र नं १ अन्तर्गत पाँच खपन नगरपालिकाको २४३ घरधुरी सर्भेमा जाँदा कन्टिन्जेन्सीको रकमबाट खाना खाजा तथा बास वापतको रकम उल्लेख गरी रू २४१९२० खर्च गरेकोमा भ्रमण आदेश लगायत सो स्थानमा काम गर्न जांने कर्मचारी संख्या समेत नखुलाई खर्च गरेको देखिएकोले खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने नदेखिएको रु | २४१,९२० |
| १७ | | | **मुल्य अभिवृद्धि कर समायोजनः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४(२) अनुसार रिटेन्सन मनि वापत कट्टा गरेर राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी | ३,२४०,९३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिनुपर्ने व्यवस्था गरेको छ तर यसपालिकाले निम्नअनुसारको निर्माण व्यवसायीलाई कर विवरण पेश नगरी रिटेन्सन वापतको रकम फिर्ता गरेकोले कर समायोजन पत्र पेश हुनुपर्ने | |

| भौचर नं | मिति | योजना । ठेक्का नं | ठेक्का नं | फिर्ता रकम |
|---|---|---|---|---|
| २ | २०७८।५।९ | वाना लिङलिङ वडरेनी सडक | देव एण्ड सायर एस ए एस जेभि | ११४३४७९ |
| ८ | २०७८।८।२३ | १-२०७७।७८ | आशिर्वाद- स्वामिनारायण-विनायक जेभि | १४०५०४९ |
| ८ | २०७८।८।२३ | ३-२०७७।७८ | विनायक निर्माण सेवा | ६९२४११ |
| | | | जम्मा | ३२४०९३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **अनुगमनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पऱ्याउनुपर्ने देखिन्छ । | |
| १९ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.३३ लाख विनियोजन गरी रु. ३२ लाख २५ हजार ८९० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. १४,१३,०२४ /- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १६ जना पदपूर्ती भएको देखिन्छ । पालकिाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी ३४ जना कार्यालय सहयोगी, सवारी चालक, तामेलदार, सामाजिक परिचालक, ब्याक हो लोडर अपरेटर, सुपरभाइजर लगायतका पदमा नियुक्ति गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित ३१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र अनावश्य पदहरुमा नियुक्ति दिँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २२ | | | **तलवी प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा रु १७६०४८६३/- खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २३ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी करार पदमा ८५ जना कर्मचारीहरु करारमा राखी रु. २५९३६७१६/- खर्च लेखेको छ । | ३,४८९,९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको विभिन्न पदहरु ईन्जिनियर, सव-ईन्जिनियर, असिस्टेण्ड सव इन्जिनियर, अमिन, प्रा.स., तामिलदार लगायत ७ पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३४८९९८०/- भुक्तानी गरेको अनियमित देखएको रु. | |
| २४ | | | **खोपको विवरणः** यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप २३८६७ डोज उपयोग भएको देखिएको छ | |

| क.स | खोपको प्रकार | प्राप्त भएको डोज | प्रयोग भएको डोज | फिर्ता भएको | मौज्दात रहेको |
|---|---|---|---|---|---|
| १ | कोभिसिल्ड | ११३० | ९०० | २३० | ० |
| २ | भेरोसिल | ७५४३ | ५६७० | १४३० | ३३ |
| ३ | एस्ट्राजेनिका | २०४० | १७०८ | ३०८ | ० |
| ४ | मोडोर्ना | २१८० | २१५० | ३० | ० |
| ५ | जे एण्ड जे | ११३५ | १०३५ | ० | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **खरिद तथा ठेक्का अभिलेखः** ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ बमोजिमको लगत राखेको देखिएन। | |
| २६ | | | **सेवा प्रवाह** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिका तथाअन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ । | |

| क.स. | विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ६७९ | ६७९ |
| २ | घरबाटो सिफारिस | १७९ | १७९ |
| ३ | नाता प्रमाणित | ५१ | ५१ |
| ४ | जन्म , मृत्यू, बसाइसराई तथा विवाह दर्ता | ८३५ | ८३५ |
| ८ | अन्य | १५६८ | १५६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन। | |
| २८ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ | |
| २९ | | | **सामुदायिक वनबाट प्राप्त गर्ने आयः** स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना वनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउनुपर्ने तथा वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । तर पालिकामा सामुदायिक वन उपभोक्ता समितिको विवरण प्राप्त भएन । कार्ययोजना स्वीकृत तथा वन पैदावार विक्री वापतको १० प्रतिशत रकम स्थानीय संचितकोष दाखिला भएको देखिएन । कानूनमा उल्लेख भए बमोजिम कार्यान्वयन गरिनुपर्दछ । | |
| ३० | | | **राजस्व फारमहरुको प्रयोगः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) अनुसार स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत लेखाढाँचा प्रयोग गर्नुपर्ने व्यवस्था छ । दैनिक रुपमा दाखिला हुने राजश्व रकमको श्रेस्ता म.ले.प.फा.नं. १०५ र १०८ समेत खडा गरी राख्नुपर्नेमा सो अनुसार अभिलेख नराखेको साथै रसिदको माध्यमबाट रकम संकलन गर्ने कार्य हुँदा नियन्त्रण खाता व्यवस्थित गरेरमात्र कारोवार गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ऐनको व्यवस्थाको पालना गरेर राजश्व कारोवार संचालन गर्नुपर्दछ । | |
